मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : २८ ◆ अङ्क : २२७ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८० असार २० गते बुधबार (Wednesday, July 5. 2023) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

जेठाजुले गरे बुहारीको हत्या

इलाम, असार १५। इलामको माई नगरपालिकामा जेठाजुले बुहारीको हत्या गरेका छन् ।

माई नगरपालिका-३का ३९ वर्षे सन्तोष खातीले भाइबुहारी २३ वर्षीया अमृता खातीलाई धारिलो हतियार प्रहार गरी हत्या गरेको प्रहरीले जनाएको छ ।

सोमबार राति सन्तोषले दायाँ पाखुरा, गर्धन लगायत स्थानमा खुकुरी प्रहार गर्दा गम्भीर घाइते बनेकी अमृताको उपचारको क्रममा मंगलबार झापाको वीएण्डसी अस्पतालमा मृत्यु भएको हो । जिल्ला प्रहरी कार्यालय इलामका अनुसार हतियार प्रहारका आरोपी सन्तोष फरार रहेकाले उनको खोजी भइरहेको छ ।

ट्राफिक सप्ताह शुरू

वर्षेनि मृत्युदर बढ्दै, दुर्घटना न्यूनीकरण सबैको दायित्व

नरेन्द्र ढकाल

बिर्तामोड, असार १५। सवारी दुर्घटनालाई न्यूनीकरण गर्ने उद्देश्यले झापासहित कोशी प्रदेशका १४ वटै जिल्लामा ट्राफिक सप्ताह शुरु भएको छ । 'सातै दिन सातै काम, सडक सुरक्षा हाम्रो अभियान' भन्ने नाराका साथ ट्राफिक सप्ताह शुरु भएको हो ।

सवारी दुर्घटना न्यूनीकरण गर्ने मुख्य उद्देश्यका साथ सप्ताह शुरु भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी निरीक्षक प्रवीण जोशी ज्ञवालीले जानकारी दिए । ट्राफिक नियमको पालना गरौं, आफू पनि बचौं, अरुलाई पनि बचाऔं भन्ने नाराका साथ शुरु भएको ट्राफिक सप्ताहको सोमबार बिर्तामोडमा च्यालीसहित उद्घाटन गरिएको थियो । झापाका प्रमुख जिल्ला अधिकारी शिवराम पोखरेलको प्रमुख आतिथ्यमा भएको ट्राफिक सप्ताह कार्यक्रमको उद्घाटन समारोहमा एक बालिकालाई ट्राफिक जनचेतना लेखिएको हेल्मेट लगाउँदै कार्यक्रमको शुभारम्भ गरिएको थियो ।

ट्राफिक सप्ताह अन्तर्गत दोस्रो दिन तीव्रगति नियन्त्रण तथा पार्किङ निषेध, तेस्रो दिन मोटरसाइकल चालकलाई प्रशिक्षण र लेन अनुशासनको पालना, चौथो दिन सिटी तथा ई-रिक्सा र स्कूल बसका चालकलाई प्रशिक्षण, पाँचौं दिन मापसे तथा लापसे चेकिङ, छैटौं दिन चालकको स्वास्थ्य र सवारीको यान्त्रिक जाँच, सातौं दिन अन्तरक्रिया र समीक्षा गर्दै अभियानको समापन गरिने जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका सहायक प्रहरी निरीक्षक याम खड्काले जानकारी दिए । उनका अनुसार सातै दिन सातवटै कार्यक्रम फरक-फरक स्थानमा आयोजना हुनेछ ।

सवारी दुर्घटना न्यूनीकरण गर्न ट्राफिक प्रहरीले सचेतनासहित कारवाही अभियानलाई तीव्ररुपमा अगाडि बढाएको जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख ज्ञवालीले बताए । सडकको दुरावस्था, चालकको लापरवाही तथा सवारीसाधनको जथाभावी प्रयोगका कारण दुर्घटनाको जोखिम बढेकाले त्यसलाई रोक्ने उद्देश्यले सचेतनामूलक कार्यक्रम शुरु गरेको बताइएको छ ।

जिल्ला प्रहरी कार्यालय झापाका प्रमुख प्रहरी उपरीक्षक दुर्गाराज रेग्मीको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि झापाका प्रमुख जिल्ला अधिकारी पोखरेलले सवारी दुर्घटना न्यूनीकरण नै अभियानको मुख्य उद्देश्य रहेको बताए । उनले सवारी चलाउने व्यक्ति, सडकका सरोकारवाला निकाय र पैदलयात्रीले मात्रै ख्याल गर्दा दुर्घटना न्यूनीकरण हुने उल्लेख गर्दै दुर्घटना न्यूनीकरणका लागि ट्राफिक नियम पालनाको पहल सबैले गर्नुपर्ने बताए ।

(बाँकी अन्तिम पृष्ठमा)

११ महिनामा १०५ जनाले ज्यान गुमाए

झापा, असार १५। पछिल्लो समय झापासहित देशभर सडक दुर्घटनाको जोखिम बढ्दै गरेको पाइएको छ ।

कोशी प्रदेशमा सात दिने ट्राफिक सप्ताह शुरु भएसँगै दुर्घटनाको कारण खोज्न थालिएको छ । यसैक्रममा आर्थिक वर्ष २०७७/०७८मा छ सय ५७ वटा सवारी दुर्घटना हुँदा ९३ जनाको मृत्यु भएको छ भने तीन सय २४ जना गम्भीर घाइते हुनुका साथै सात सय ४१ जना सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाको तथ्यांकमा उल्लेख छ ।

त्यस्तै आर्थिक वर्ष २०७८/०७९मा छ सय ११ वटा सवारी दुर्घटनामा पर्दा एक सय १६ जनाले ज्यान गुमाएका थिए । जसमा दुई सय ५४ जना गम्भीर घाइते भए भने सात सय दुई जना सामान्य घाइते भएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रहरी सहायक निरीक्षक याम खड्काले जानकारी दिए ।

आर्थिक वर्ष २०७९/०८०को जेठ मसान्तसम्ममा झापामा सात सय ६१ वटा सवारी दुर्घटनामा पर्दा एक सय पाँच जनाले ज्यान गुमाए । दुर्घटनामा एक सय ६५ जना गम्भीर घाइते भए भने एक हजार ४३ जना

(बाँकी अन्तिम पृष्ठमा)

स्थानीय तहलाई विप्लव माओवादीको चेतावनी

बिर्तामोड, असार १५। वित्तीय क्षेत्रमा देखिएको समस्या समाधान गर्न स्थानीय तहले पहल गर्नुपर्नेमा उल्टै ऋणीको नाम सार्वजनिक गर्ने धम्की दिएको भन्दै विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले आफ्नो गम्भीर ध्यानाकर्षण भएको जनाएको छ ।

गत असार १५ गते झापाको शिवसताक्षी नगरपालिकाले वित्तीय संस्था र सहकारीको ऋणीहरुलाई ऋण तिर्न, नतिरे नाम सार्वजनिक गर्ने र प्रचलित कानून बमोजिम कार्वाही गर्ने भन्दै जारी गरेको सूचना प्रति आफ्नो पार्टीको गम्भीर ध्यानाकर्षण भएको नेपाल कम्युनिष्ट पार्टी झापाका सेक्रेटरी सञ्जय सीले बताए ।

सोमबार एक विज्ञप्ति जारी गर्दै विप्लव नेतृत्वको नेपाल कम्युनिष्ट पार्टीले वित्तीय क्षेत्रमा देखापरेको संकट र सहकारी, वित्तीय संस्था र मिटरव्याजीहरुहरुको आतंक र शोषणले जनताको दैनिकी कष्टकर बनेको समय जनतालाई सहज र सरल रुपमा ऋण तिर्ने वातावरण चाहिएको उल्लेख गरेको छ ।

विज्ञप्तिमा भनिएको छ- सहज वातावरण बनाउनुको साटो पालिका जस्तो जनउत्तरदायी निकायले धम्की शैलीमा सूचना जारी गर्नु हास्यास्पद छ । पालिकाहरुको यो कार्यप्रति खेद प्रकट गर्दै, यस्ता धम्कीपूर्ण सूचना जारी नगर्न बरु सरोकारवाला जनतासँग छलफल गरी सहजीकरण गर्न, सहकारी र वित्तीय संस्थाहरुले ऋणीहरुमाथि दोष थोपरी अर्बौंको आर्थिक अपचलन गरेका तथ्यहरु अगाडि आएका छन, यसको छानविन गर्न समेत अनुरोध छ ।

विप्लव माओवादीले जनताविरुद्ध राज्यको जिम्मेवार निकाय पालिकाहरु नै लागेमा आफूहरु कडा रुपमा प्रस्तुत हुने चेतावनी दिएको छ । पूर्वाञ्चलसँग कुरा गर्दै नेपाल कम्युनिष्ट पार्टीका मेची व्यूरो प्रमुख सुमन सीले आफूहरुले जनताको हरेक मुद्दालाई गम्भीर रुपमा लिएको बताए । उनले वित्तीय संस्थाहरुले अराजकता मच्चाउने काम गरिरहेकाले अब जनकारबाही गर्ने चेतावनी दिए ।

झापासहित पूर्वका सबै स्थानमा विप्लव नेतृत्वकको माओवादीले जनविरोधी गतिविधिहरुलाई नजिकबाट नियाल्ने काम गरिरहेको र नसच्चिए कारबाहीमा उत्रने सुमन सीले चेतावनी दिए ।

एकै परिवारका १२ जना बगे

काठमाडौं, असार १५। मलेसियाको एक नदीमा पौडी खेलिरहेका परिवारका १० जना सदस्य बगेका छन् । पौडी खेलेको स्थानबाट २५ किलोमिटर मुनि सात जनाको शव भेटिएको एक जना वरिष्ठ प्रहरी अधिकारीले बताएका छन् ।

गत शुक्रबार पूर्वीराज्य तेरेङ्गानुको चुकाई जिल्लाको जङ्गलमा रहेको जेराम मावारमा उक्त दुर्घटना भएको हो । दुर्घटनामा चारदेखि ४० वर्षको उमेर समूहका मानिसले ज्यान गुमाएका छन् ।

स्थानीय प्रहरी प्रमुख हान्यान रामलानका अनुसार नदीले बगाएर ज्यान गुमाएका नौ जना एकै परिवारका सदस्य र एक

(बाँकी अन्तिम पृष्ठमा)

विद्युतीय ट्रान्सफर्मर चोरी गर्दा...

झापा, असार १५। रौतहटका विभिन्न स्थानहरुबाट विद्युतीय ट्रान्सफर्मर चोरी गरेको अभियोगमा चार जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरूमा गरुडा नगरपालिका-६ पोठियाही बस्ने ४२ वर्षीय अशोक साह, कटहिया नगरपालिका-१ भसेढवा बस्ने ४६ वर्षीय रामलाल महतो, सोही ठाउँ बस्ने ३६ वर्षीय वीरेन्द्र राय र ३७ वर्षीय सुखल महतो रहेका छन् । रौतहटका विभिन्न स्थानहरूका ट्रान्सफर्मरहरुबाट तार लगायतका सामान चोरी गरेको घटनाको अनुसन्धानको क्रममा खटिएको प्रहरीले गरुडा नगरपालिका-४स्थित कवारबाट तामाको चुडी १

(बाँकी अन्तिम पृष्ठमा)

वर्षायाममा खाद्यान्न अभाव नहुने

झापा, असार १५। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले यस वर्षको वर्षायाममा कहींकतै खाद्यान्न अभाव नहुने जनाएको छ । देशभरको गोदाममा खाद्यान्न मौज्दात रहेको, थप खाद्यान्न खरिद र ढुवानी प्रक्रिया जारी रहेको मन्त्रालयले जनाएको छ ।

खाद्य व्यवस्था तथा व्यापार कम्पनीका अनुसार हाल काठमाडौं उपत्यका तथा तराईका जिल्लामा ३६ हजार तीन सय ५६ क्विन्टल खाद्यान्न मौज्दात छ । अतिदुर्गम तथा दुर्गम जिल्लामा २५ हजार पाँच सय पाँच क्वीन्टल खाद्यान्न मौज्दात रहेको कम्पनीले जनाएको छ । प्रतिस्पर्धाको माध्यमबाट खुला बजारबाट थप खाद्यान्न खरिद भइरहेको र थप चामल खरिदका लागि बोलपत्र आह्वान गर्ने प्रक्रिया पनि जारी रहेको बताइएको छ । कम्पनीमा हाल २६ हजार तीन सय ७५ क्वीन्टल धान मौज्दात छ ।

भारतबाट आयात कोटा अन्तर्गत साल्ट ट्रेडिङमार्फत ३४ हजार तीन सय २० क्वीन्टल गहुँ तत्काल प्राप्त हुनेछ । कम्पनीसँग कूल दुई लाख ६६ हजार तीन सय क्वीन्टल खाद्यान्न मौज्दात रहनेछ । हाल खुला बजारबाट प्रतिस्पर्धाका माध्यमबाट सम्झौता भएको ८९ हजार एक सय क्विन्टल खाद्यान्न कम्पनीको गोदाममा आइरहेको र भारतबाट आयात हुने खाद्यान्न पनि लोड भइसकेको जनाइएको छ ।

चालूआर्थिक वर्षको असार १२ गतेसम्म दुर्गमका जिल्लामा १७ हजार आठ सय ३० मेट्रिक टन खाद्यान्न ढुवानी भएको छ । बढी खाद्यान्न समस्या देखिएको हुम्लामा चार हजार क्वीन्टल कोटा थप गरी हवाइमार्गबाट दैनिक ढुवानी भई वितरण भइरहेको छ ।

बझाङमा पनि एक हजार क्विन्टल कोटा थप गरिएको छ । पूर्वी जिल्लामा पनि पर्याप्त खाद्यान्न मौज्दात रहेको कम्पनीले स्पष्ट पारेको छ । पालिकास्तरमा भने खाद्यान्न सञ्चिति गर्ने गोदाम नभएकाले आवश्यक मात्रामा बिक्री केन्द्रमा खाद्यान्न ढुवानी गरेर वितरण भइरहेको कम्पनीले जनाएको छ । चालूआर्थिक वर्षमा हालसम्म पालिकास्तरबाट माग भएका स्थानमा ४७ हजार तीन सय ३४ क्विन्टल चामल वितरण भइसकेको छ । कतिपय स्थानमा भने माग नै नभएकाले आपूर्ति नगरिएको कम्पनीले जनाएको छ ।

किसानलाई मल अभाव

झापा, असार १५। बजारमा यसवर्ष किसानलाई मल अभाव भएको छ । मल आयातको जिम्मेवारी पाएका साल्ट ट्रेडिङ कम्पनी र कृषि सामग्री लिमिटेडले समयमै आयात गर्न नसक्दा मल अभाव भएको हो ।

दुवै कम्पनीले चालू आवमा युरिया दुई लाख ५१ हजार मेट्रिक टन र डीएपी एक लाख मेट्रिक टन आयात गरिसकेका छन् । तर, पोटास मल भने हालसम्म आयात भएको छैन । चालू आवका लागि चार लाख ७८ हजार पाँच सय मेट्रिक टन मल आयात गर्न बोलपत्र आह्वान गरेकामा चाँडै

(बाँकी अन्तिम पृष्ठमा)

रकम हिनामिना गर्नेलाई कारबाहीको माग गर्दै ज्ञापनपत्र

झापा, असार १५। दक्षिणी झापाको कचनकवल-७ बालुवाडीस्थित साना किसान कृषि सहकारी संस्थाको रकम हिनामिना गर्नेलाई कानून बमोजिम कडा कारबाहीको माग गर्दै नेकपा (माओवादी केन्द्र) कचनकवलले ज्ञापन-पत्र बुझाएको छ ।

सहकारी संस्थाका प्रबन्धक युवराज खत्रीले करिब दुई करोड रकम हिनामिना गरी फरार रहेकोले उनलाई तत्काल पक्राउ गरी कानूनी कारबाहीको दायरामा ल्याउनुपर्ने माग राख्दै नेकपा (माओवादी केन्द्र) कचनकवलका अध्यक्ष शुकराज लिम्बू (किरण) र सचिव मोती राजवंशीले गाउँपालिकाका अध्यक्ष कालेन्द्रप्रसाद

सिंह राजवंशीलाई मंगलवार सो ज्ञापन-पत्र बुझाएका हुन् । ज्ञापन-पत्रमा भनिएको छ- गाउँपालिकाका गरीब, निमुखा किसानहरूले आफ्नो छाक काटेर जम्मा गरेको रकम फिर्ता लिन जाँदा नपाएको भनी पीडितहरूको गुनासो गरेका छन् ।

साथै संस्थाको ठूलो रकम व्यवस्थापन पक्षको चरम लापरवाहीका कारण भ्रष्टाचार तथा हिनामिना गरी समग्र संस्था नै धरापमा परेकोले उक्त संस्था र गरीब किसानहरूको बचत रकम सुरक्षित गर्न अति जरुरी रहेको

(बाँकी अन्तिम पृष्ठमा)

मेडिटेसन गरौं, स्वस्थ र खुशी जीवन बाँचौं

मेडिटेसनको यो शिविर नछुटाउनुहोस् है

SEEKING THE SOUGHT

Meditation Retreat at Osho Divine Doors

With Ma Prem Shunyo

Date : July 10 to July 13

Venue: Osho Divine Doors, Harkate, Ilam

Prem Shunyo
Facilitator

For booking and other details +977 9824999770

धान रोप्दै : मोरङको लक्ष्मीमार्गस्थित धान रोप्दै किसान । केही दिनदेखि पूर्वी तराईमा मनसुन सक्रिय बन्दा यो साल कृषकले समयमै धान रोप्न पाएका छन् । **तस्वीरः रासस**

लम्पीस्किन रोग: नियन्त्रण गर्न प्रधानमन्त्रीको निर्देशन

काठमाडौं, असार १५ । सरकारले महामारीको रूपमा पशु चौपायामा फैलिएको लम्पी स्किन रोग नियन्त्रणका लागि सबै प्रकारका साधन स्रोत उपलब्ध गराइएको उल्लेख गरेको छ ।

रोग नियन्त्रणका लागि प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आवश्यक चासो लिएका छन् । उनले कृषि तथा पशुपन्छीमन्त्री डा. बेदुराम भुसाल र मन्त्रालयका उच्च अधिकारीलाई आवश्यक निर्देशन दिएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । प्रधानमन्त्रीले प्रभावकारी रूपमा पशु स्वास्थ्यकर्मी परिचालन गर्न, खोप आपूर्ति बढाउन तथा तत्काल खोप लगाउनका लागि जनशक्तिको आवश्यक प्रबन्ध गर्न समेत सम्बद्ध अधिकारीलाई स्पष्ट निर्देशन दिएका छन् ।

सरकारले हालसम्म सात लाख ३७ हजार डोज खोप आयात गरी सातै प्रदेशमा उपलब्ध गराएको छ । पशु सेवा विभागका अनुसार एक लाख ७२ हजार एक सय २८ पशु चौपायामा खोप लगाइसकिएको छ । महामारी नियन्त्रणका लागि आगामी आर्थिक वर्षमा स्थानीय तहमा संघीय सरकारले सःशर्त अनुदान अन्तर्गत रु. एक लाखका दरले बजेट उपलब्ध गराएको छ ।

विभागका महानिर्देशक डा. सम्झनाकुमारी काफ्लेका अनुसार संघीय सरकारले एक सय ६१ स्थानीय तहमा भेटेरिनरी डाक्टर र सबै स्थानीय तहमा प्राविधिकको व्यवस्थापनका लागि बजेट उपलब्ध गराएको छ । प्रदेश र स्थानीय तहसँग समन्वयका लागि सम्पर्क व्यक्ति तोकिएको छ । रोग रोकथाम तथा उपचारमा खटिने प्राविधिकका लागि प्राथमिक उपचारको जानकारीसहित सूचनामूलक सामग्री प्रकाशित र प्रसारित गरिएको छ ।

लम्पी स्किन गाईभैंसीमा भाइरसको कारण लाग्ने महामारी रोग हो । यो रोग लागेका पशुमा उच्च ज्वरो आउने, दाना पानी कम खाने र दूध उत्पादन घट्ने, छालामा गोलो गिर्खा र गाँठा देखिन्छ । गिर्खा केही समयपछि हराउने वा कहिलेकाहीं गिर्खा फुटेर घाउ हुने, किरा र औंसा पर्ने, नाकमुखभित्र, कल्चौंडा, थुनमा घाउ हुने, आँशु, च्याल, सिँगान बग्ने, चिप्रा कचेरा लाग्ने, खुट्टा जोर्नी सुन्निनेजस्ता लक्षण देखिने महानिर्देशक काफ्लेले जानकारी दिए ।

उनका अनुसार सङ्क्रमित पशुमध्ये सामान्यतया एकदेखि तीन प्रतिशतसम्म पशु मर्न सक्ने र बिरामी पशुलाई स्याहारसुसार र प्राथमिक उपचार नपाएमा मृत्युदर बढ्न सक्छ । बाच्छाबाच्छी, जोत्ने गोरु, उन्नत जातका बढी दूध दिने दूधालु र गर्भिणी गाईभैंसी यस रोगका कारण मर्न सक्ने भएकाले विशेष ख्यालको आवश्यक रहेको महानिर्देशक काफ्लेको भनाइ छ ।

अफ्रिकी महादेशमा मात्रै सीमित यो रोग युरोप हुँदै बङ्गलादेश, चीन तथा भारतमा देखापरेपश्चात् पहिलोपटक नेपालमा विसं २०७७ असार महिनामा मोरङको सुन्दरहरैंचा नगरपालिकामा गाईमा देखा परेको थियो । रोग देखा परेपश्चातका सुरूका दुई वर्षमा यस रोगबाट १६ जिल्लाका २९ पालिकाका तीन हजार तीन सय एक पशु सङ्क्रमित भई १३ वटा पशु मरेका थिए ।

चालूआवमा लम्पी स्किन रोगको प्रकोप देशैभरि महामारीको रूपमा फैलिँदा मनाङबाहेकका सम्पूर्ण जिल्लामा रोग पुष्टि भएको विभागको भनाइ छ । गत चैतदेखि कोशी प्रदेशका केही जिल्लामा रोगको प्रकोप देखापरेको र क्रमशः अन्य प्रदेशमा फैलिई हालसम्म ७६ जिल्लामा पुष्टि भएको छ ।

यस रोगबाट कर्णाली, सुदूरपश्चिम, कोशी र लुम्बिनी प्रदेशका मध्यपहाडी तथा पहाडी क्षेत्रमा बढी प्रभाव परेको विभागको भनाइ छ । हालसम्म प्राप्त तथ्याङ्क अनुसार सात लाख नौ हजार दुई सय तीन पशु सङ्क्रमित भएकामध्ये चार लाख ५३ हजार आठ सय १९ निको भएका छन् । यस्तै रोगबाट २५ हजार हजार सात सय ८२ पशु मरेका छन् । हाल दुई लाख २९ हजार छ सय दुई पशु सक्रिय सङ्क्रमित अवस्थामा छन् । सङ्क्रमणको दर क्रमशः घट्दै गइरहेको विभागको दावी छ ।

यस रोगको महामारी नियन्त्रणका लागि पशु सेवा विभागबाट संघ, प्रदेश र स्थानीय तहमा कार्यरत पशु स्वास्थ्यकर्मी, निर्वाचित जनप्रतिनिधिलगायतका अन्य सरोकारवालासँग रोग रोकथाम तथा नियन्त्रणका लागि पटक-पटक समन्वय र सहकार्य गरिएको महानिर्देशक काफ्लेले जानकारी दिए । विभागमा लम्पी स्किन रोग नियन्त्रण कक्ष स्थापना गरी परिचालन गरिएको र सहसचिवको नेतृत्वमा प्रदेश र स्थानीय तहका सरोकारवालासँग समन्वय गर्न सातै प्रदेशमा टोली परिचालन गरिएको छ ।

सो टोलीले प्रभावित क्षेत्रमा स्थलगत अनुगमनसहित उपचार, प्राविधिक सल्लाह दिने कार्य गरेको छ । परिचालित टोलीले सबै प्रदेशमा थप समन्वय र सहकार्यका लागि प्रदेश तथा स्थानीय तहसँग समन्वय गरेको छ । हाल रोगको प्रकोप देखिएका स्थानमा पशु चिकित्सकसहितको टोली परिचालन गरिएको छ । यस रोगको रोकथाम तथा नियन्त्रणका लागि आवश्यक औषधिहरू तथा खोप आपूर्तिका लागि संघ, प्रदेश तथा स्थानीय तहबाट आवश्यक कार्य भइरहेको छ ।

त्यस्तै, लामखुट्टे, झिङ्गा, किर्नालगायतका टोक्ने किराले यो रोग सार्ने हुँदा गोठ सफा राख्न, गोठ वरिपरिका पानीका खाल्डाखुल्डी पुर्न र गोठ निःसङ्क्रमण गर्न पशुधनीलाई विभागले अनुरोध गरेको छ । रोग देखा परेको क्षेत्रमा सङ्क्रमण हुनबाट बचाउन पशु स्वास्थ्यकर्मीहरूलाई प्राथमिक उपचारबारे जानकारी गराइएको छ ।

यो रोग नियन्त्रणका लागि विगत तीन महिनादेखि विभिन्न पैठारीकर्ताले खोप आपूर्ति गरिरहेका छन् । खोप आयातका लागि विभागमा आवेदन प्राप्त हुनासाथ तत्काल पैठारीको लागि अनुमति दिइएको छ । कृषि तथा पशुपन्छी विकास मन्त्रालयबाट विभिन्न विकास साझेदारसँग रोग रोकथाम तथा नियन्त्रणमा सहयोगका लागि समन्वय गरिएको विभागको भनाइ छ । मन्त्रालयले चालु आवमा बचत हुने रकम रोग नियन्त्रणका लागि रकमान्तर गरी स्थानीय तहमा पठाउन अर्थ मन्त्रालयमा अनुरोध गरेको छ ।

दीर्घकालीनरूपमा यो रोग नियन्त्रणका लागि आवश्यक खोप नेपालमा नै उत्पादन गर्न अन्तर्राष्ट्रियस्तरमा समन्वय भइरहेको महानिर्देशक काफ्लेले जानकारी दिए । खोप उत्पादनका लागि आवश्यक सीड तथा प्रविधि भारतसँग माग गर्न उच्च राजनीतिकस्तरबाट कूटनीतिक पहल जरुरी रहेको विभागको ठहर छ । प्रभावित पशुको उपचार तथा सङ्क्रमण नभएका क्षेत्रमा ठूलो मात्रामा खोप लगाउन आवश्यक भएकाले सोको लागि सरकारीस्तरबाट बजेट व्यवस्थापन गरी रोग नियन्त्रण कार्य सञ्चालन आवश्यक छ ।

मलेशियालाई हराउँदै नेपाल बन्यो च्याम्पियन

काठमाडौं, असार १५ । नेपालले १६ वर्ष मुनिका खेलाडीहरूको एशियाली क्रिकेट प्रतियोगिता 'एसीसी यू-१६ इस्ट जोन कप'को उपाधि जितेको छ ।

नेपाली टोली पूर्णतः हावी भएको मंगलवार सम्पन्न फाइनल खेलमा युवा खेलाडी नरेन भट्टको शतकको मद्दतले नेपालले जित हासिल गरेको हो । नेपालले पहिलो ब्याटिङ गर्दै मलेशियाविरुद्ध ३५ ओभरमा ८ विकेट गुमाएर २५२ रनको चुनौतीपूर्ण स्कोर बनाएको थियो । जबाफमा मलेशियाका खेलाडीहरूले नेपाली बलरको सामना गर्न सकेनन् ।

नेपालले कुन-कुन देशलाई हरायो ?

कप्तान अभिषेक तिवारीले पाँच विकेट लिएपछि मलेशिया १४.५ ओभरमा ३१ रनको न्यून स्कोरमा सीमित हुन पुग्यो। र, नेपाल २०१ रनले विजयी भयो ।

नेपाली युवा टोली प्रतियोगिता अवधिभर कुनै खेल नहारिकन अपराजित पनि रह्यो । यसअघि टोलीले समूह चरणमा मलेशियालाई ८४ रन तथा थाइल्यान्डलाई २२५ रनले हराएको थियो भने सेमीफाइनलमा सिङ्गापुरलाई ९७ रनले पराजित गरेको थियो । नेपाल प्रतियोगिताको डिफेन्डिङ च्याम्पियन पनि हो ।

भट्टको शतक

टस जितेर पहिलो ब्याटिङ रोजेको नेपाल मलेशियाको बायोमास ओभलमा भएको खेलमा विपक्षी बलरमाथि हावी रह्यो । त्यसको सुरु ओपनर नरेन भट्टले गरेका हुन् । सानदार ब्याटिङ गरेका उनले ८२ बलमा आफ्नो शतक पूरा गरेका थिए ।

जारी प्रतियोगितामा नेपाली खेलाडीको यो पहिलो शतक हो । भट्टले अविजित ११२ रन बनाए, जसमा १० चौका र २ छक्का सामेल छ । यसअघि प्रारम्भिक ब्याटर निरज यादवले ४७ रन तथा सूर्यान्सु कोइरालाले १८ रन बनाएर खेल अगाडि बढाएका थिए ।

तीव्र गतिमा रन जोड्ने काम भने भट्ट र यादवको जोडीले दोस्रो विकेटका लागि गरेका हुन् । यी दुईले ७६ बलमा १०३ रनको साझेदारी गरे । खेलको एक भाग भट्टले मज्जाले सम्हालेका थिए । अर्को भागमा भने सन्तोष यादवले २६ रन र अशोक धामीले १२ रन जोडेका हुन् ।

एशियाली क्रिकेट परिषद् एसीसीले १६ वर्ष मुनिको टोलीको लागि आयोजना गर्ने यो नै ठूलो प्रतियोगिता हो । यसमा एशियालाई पूर्वी र पश्चिम क्षेत्रमा छुट्टाइएको छ । पश्चिम क्षेत्रमा खाडीका राष्ट्रहरू छन् । यो प्रतियोगितामा कूल सात टोली सहभागी थिए ।

विषाक्त मदिरा सेवनबाट मृत्यु

काठमाडौं, असार १५ । उत्तरपूर्वी कम्बोडियाको रतनकिरी प्रान्तमा चामलको विषाक्त मदिरा पिएका चार जनाको मृत्यु भएको छ ।

उच्च मात्रामा मिथेनोल भएको मदिरा पिएका पाँच जनामध्ये चार जनाको ज्यान गएको सरकारी अधिकारीहरूले बताएका छन् । विषाक्त मदिरा पिएर गम्भीर बिरामी भएका उनलाई अस्पताल भर्ना गरिएको छ । मृतकहरू केराको व्यवसायिक खेती गर्ने कृषि कम्पनीका कामदार हुन् ।

प्रयोगशाला परीक्षणबाट मदिरामा उच्च मात्रामा मिथेनोल भेटिएको र उनीहरूको मृत्युको कारण भएको प्रान्तीय गभर्नरले बताएका छन् । मदिरा बिक्रेतासँग कानून कार्यान्वयन निकायका अधिकारीले सोधपुछ गरेका छन् । सस्तो मूल्यका कारण घरेलु मदिराप्रति पियक्कडहरूको आकर्षण बढेको छ ।

बेलिब्रिज निर्माण १५ दिनमा

इलाम, असार १५ । मेची राजमार्ग अन्तर्गत बाढीले बगाएको हेवा खोला पुलको विकल्पमा निर्माण भइरहेको बेलिब्रिज निर्माण १५ दिनमा सम्पन्न हुने भएको छ ।

अहिले भइरहेको कामका आधारमा यो अवधिमा सकिने देखिएको सडक विभागले जनाएको छ । यही असार ३ गते आएको बाढीका कारण कोशी प्रदेशका तीन वटा पुलमा क्षति पुगेको विभागका उपमहानिर्देशक रामहरि पोखरेलले जानकारी दिए । उनका अनुसार मेची राजमार्ग, तमोर करिडोर र मध्यपहाडी राजमार्गका पुल बगाएको हो । तीमध्ये तमोर करिडोरमा बेलिब्रिज थियो भने मेची राजमार्ग र मध्यपहाडी एउटा/एउटा पुल बगाएको छ । उनँले भने- त्योमध्ये पनि धरैलाई प्रभावित गर्ने भएकाले मेचीको पुल सबैभन्दा पहिले शुरु गरिएको छ ।

मेची राजमार्गमा बेलिब्रिज निर्माणको काम बाढी आएको भोलिपल्टबाट नै शुरु भएको थियो । एकातिर जग (फाउण्डेशन) तयारी भइरहेको छ ।

जबरजस्ती करणी अभियोगमा तीन जना पक्राउ

कञ्चनपुर, असार १५ । १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा दोधारा चाँदनी नगरपालिका-९ बस्ने २१ वर्षीय पवनप्रसाद उपाध्याय र २६ वर्षीय अमरबहादुर खत्रीलाई प्रहरीले पक्राउ गरेको छ ।

ती किशोरीलाई सोही नगरपालिका-५ हेल्थपोष्ट प्रकृति शुद्ध डेरीको कोठाभित्र आइतबार राति जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय दोधाराबाट खटिएको प्रहरीले उनीहरूलाई पक्राउ गरेको हो ।

त्यस्तै १४ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा रोल्पा, दाङ तुल्सीपुर उपमहानगरपालिका-१७ बस्ने ४२ वर्षीय बीरबहादुर विकलाई पनि प्रहरीले पक्राउ गरेको छ । विकले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने उजुरीको आधारमा इलाका प्रहरी कार्यालय होलेरीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

आकर्षक घडेरीहरू बिक्रीमा

धुलावारीको मुटुमा पूर्व-पश्चिम राजमार्गसंगै जोडिएको, बनिदै गरेको फाइभ स्टार होटलको प्राङ्गणमै, अति आकर्षक टुक्रा जग्गाहरु व्यवसायिक प्रयोजनको लागि बिक्रीमा छन् । समयमै सम्पर्क गर्नुहोला ।

सम्पर्क: whatsapp/Viber
9617736764, 9824012718
Mobile: 9824012718

११ महिनामा ...

सामान्य घाइते भएको तथ्यांकमा उल्लेख छ ।

सडकको दुरावस्था, सवारी चाप बढ्नु तथा ट्राफिक नियम उल्लंघन गर्नेको संख्यामा वृद्धि हुनु दुर्घटनाको संख्यामा वृद्धि हुनुको कारण रहेको ट्राफिक प्रहरी सहायक निरीक्षक चन्द्र राउतले बताए । उनले भने- 'ट्राफिक प्रहरीले विभिन्न समयमा सचेतनामूलक अभियान चलाए पनि लापरवाहीकै कारण अधिकांश दुर्घटना हुने गरेका छन् ।'

गतआर्थिक वर्ष २०७९/०८०को जेठ महिनासम्मको अवधिमा झापामा एक हजार आठ सय ९९ वटा सवारी चालक मापसे कारवाहीमा परेका छन् भने अघिल्लो आर्थिक वर्ष २०७८/०७९मा दुई हजार दुई सय ३८ सवारी कारवाहीमा परेका थिए । पछिल्लो समय ट्राफिक प्रहरीको चेकजाँच बढेसँगै मापसे गर्नेको संख्यामा कमी आएको तथ्यांकमा उल्लेख छ ।

ट्राफिक प्रहरीले झापाका विभिन्न स्थानमा सचेतनामूलक कार्यक्रमलाई पनि तीव्रता दिएको जनाइएको छ । गतआर्थिक वर्ष ०७९/०८०को जेठ मसान्तसम्म झापामा पाँच हजार ७१ वटा ट्राफिक सचेतनामूलक कार्यक्रम सञ्चालन गरेको प्रहरी नायव निरीक्षक राजकुमार बस्नेतले जानकारी दिए ।

विद्यालय तथा विभिन्न सार्वजनिक स्थान र सडकमा नै ट्राफिक नियम सम्बन्धी सचेतनाका कक्षाहरु सञ्चालन गरिएका थिए । ट्राफिक प्रहरीले कडाइ गरेसँगै दुर्घटनाको संख्यामा कमी आउनुका साथै मृत्युदर पनि घटेको बताइएको छ । ट्राफिक नियम उल्लंघन गर्नेमा दुई पाङ्ग्रे सवारी चालक धेरै रहेको जनाइएको छ ।

एकै परिवारका...

जना विवाहका निम्ति निर्धारण गरिएकी कन्या थिइन् । तीन मिटरसम्म पानीको बहाव बढेपछि पौडीमा रमाइरहेका उनीहरूलाई भेलले बगाएको थियो । उनीहरूले पानीको बहाव अचानक बढ्ने कल्पना पनि गरेका थिएनन् । 'ट्रयाकर' कुकुरको सहयोगमा विभिन्न निकायका दुई सय १० जना अधिकारीको अगुवाइमा बाँकी तीन जना पीडितको खोजी भइरहेको छ ।

रकम ...

विज्ञप्तिमा उल्लेख छ । संस्थाको सत्यतथ्य घटना बाहिर ल्याई पीडितहरुलाई न्याय र दोषीलाई कडाभन्दा कडा कारबाही गरियोस् भनी जोडदार माग गर्दछौं । अन्यथा हाम्रो पार्टी मुकदर्शक बनेर बस्न नसक्ने र चरणबद्ध आन्दोलनसहित कानूनी उपचारको बाटोमा जाने ज्ञापन-पत्रमा उल्लेख छ ।

यता गाउँपालिकाले हिनामिनामा संलग्नलाई कारबाही गर्न प्रहरीलाई सिफारिस गरिसकेको जनाइएको छ । कचनकवल-७ स्थायी ठेगाना भएका संस्थाका प्रबन्धक खत्री गत चैत ११ गतेदेखि रकम हिनामिना गरी फरार भएका हुन् । सहायक प्रबन्धक निरुमाया राजवंशीसँग मिलेर दुबैले त्यति रकम हिनामिना गरेको खुल्न आएको बताइएको छ । प्रबन्धक खत्री र सहायक प्रबन्धक राजवंशीले करिब दुई करोड रुपैयाँ हिनामिना गरेको स्वीकार गर्दै मञ्जुरीनामा गरेका छन् । सहकारी ऐनको दफा १२२ अनुसार कसुरदार देखिएका दुबैलाई कानूनी कारबाही गर्न प्रहरीलाई सिफारिस गरिएको गाउँपालिकाका सहकारी शाखाका गौरव रिजालले जानकारी दिए । दुबैले कृत्रिम ऋणी खडा गरी सदस्यहरूको त्यति धेरै रकम हिनामिना गरेको पाइएको छ ।

किसानलाई ...

नै एक लाख २७ हजार पाँच सय मेट्रिक टन मल आउने क्रममा रहेको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयका अधिकृत दीपक पौडेलले जानकारी दिए । उनका अनुसार युरिया ५० हजार मेट्रिक टन, डीएपी ७० हजार मेट्रिक टन र पोटास सात हजार पाँच सय मेट्रिक टन मल आयात गर्ने क्रममा छ ।

सातै प्रदेशका डिपोमा हाल ७८ हजार चार सय ७५ मेट्रिक टन मल मौज्दात छ । बजारमा वार्षिक करिब सात लाख मेट्रिक टन मलको माग छ । मुख्य बालीका रुपमा रहेको धान रोपाइँको समयमा मल अभाव भएको किसानको गुनासो आइरहेका बेला स्थानीय तहको समन्वयमा क्षेत्रफलको आधारमा वैज्ञानिक प्रणालीबाट मल न्यायोचित रुपमा वितरण गरिएको मन्त्रालयले जनाएको छ । किसानलाई सुविधा उपलब्ध गराउने उद्देश्यले सरकारले आयात गर्ने मलमा अनुदानको व्यवस्था गरिएको छ । चालू आवमा मल आयातका लागि रु. ३१ अर्ब रकमको व्यवस्था गरिएको मन्त्रालयले जनाएको छ ।

बर्षेनि ...

कार्यक्रममा नेपाल यातायात राष्ट्रिय महासंघका केन्द्रीय सदस्य टंक दवाडीले सवारी दुर्घटना न्यूनीकरण सबैको साझा दायित्व भएको बताए । उनले यातायात व्यवसायी र ट्राफिक प्रहरीको मात्रै दायित्व सम्झिएका कारण दुर्घटना न्यूनीकरण हुन नसकेको उल्लेख गरे । उनले सवारी दुर्घटनापश्चात शव तेर्स्याएर गरिने बार्गेनिङ विकृतिको रुपमा बढिरहेकाले दुर्घटनाको कारकतत्व पहिचान गर्नुपर्ने बताए ।

कार्यक्रममा यातायात व्यवस्था कार्यालय झापाका प्रमुख पदम कट्टेल, अरिदमन गण चारआलीका गण प्रमुख इमेस मेहर श्रेष्ठ, सशस्त्र प्रहरी बल २ नं. गण भद्रपुरका प्रमुख देवराज अर्याल, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय झापाका उपअनुसन्धान निर्देशक तुलसी प्रसाई, इलाका प्रहरी कार्यालय अनारमनीका प्रमुख सुरज कार्की, सशस्त्र प्रहरी बल सुरक्षा बेस क्याम्प शनिश्चरेका प्रमुख उदयराज न्यौपाने, उद्योग वाणिज्य संघ बिर्तामोडका अध्यक्ष प्रकाश शिवाकोटी, वीरता लेडी जेसीजकी अध्यक्ष संगीता गिरी लगायत विभिन्न संघ-संस्था, यातायात व्यवसायी, मजदुर, विभिन्न विद्यालयका विद्यार्थी, शिक्षक लगायतको सहभागिता रहेको थियो । जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाका प्रमुख ज्ञवालीले स्वागत गरेको कार्यक्रमको सञ्चालन प्रहरी नायव निरीक्षक जीवन कार्कीले गरेका थिए ।

विद्युतीय ...

सय ७५ किलो ७ सय ग्राम, तामाको क्वाइल १ सय २९ किलो ३०० ग्राम, खुल्ला तामाको तार ७१ किलोग्राम बरामद उनीहरुलाई पक्राउ गरेको हो । साथै उनीहरूबाट मोटरसाइकल २ थान, १ थान स्कुटर र मोबाइल ४ थान समेत प्रहरीले बरामद गरेको छ ।

उनीहरू उपर जिल्ला अदालत रौतहटबाट चोरी सम्बन्धी कसूरमा म्याद थप गरी आवश्यक अनुसन्धान गर्नुका साथै घटनामा संलग्न हाल फरार अन्य व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ ।

बिमालेख हरायो

बिर्तामोडबाट कचनकवल जाने क्रममा यही मिति २०८०/०२/१० गते मेरो निम्न व्यहोराको लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- विष्णुप्रसाद सिंह राजवंशी
ठेगाना:- बालुवाडी-५, झापा
हाल: कचनकवल-७, झापा
पोलेसी नं.:- २०००० १०२५
कम्पनी नाम: लाइफ इन्स्योरेन्स क. नेपाल
सम्पर्क:९८४२६७६६४५

निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

लाल ध्वज लावतीको नाति, दलसेर लावतीको छोरा १ नं. प्रदेश झापा जिल्ला बुद्धशान्ति गाउँपालिका वडा नं. ३ बस्ने धन राज लिम्बू भन्ने धनराज लावतीले यस शाखामा बचत खाता नं १८२१५२४०३००६२४ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०७५/१०/२१ मा निज खातावाला धन राज लिम्बु भन्ने धनराज लावतीको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने केवल लावतीले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाण-पत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ । बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को दफा १११ बमोजिम निज मृतक खातावाला धन राज लिम्बु भन्ने धनराज लावतीको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिननपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदावी छ भने यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र आफ्नो स-प्रमाण दावी गर्न यस बैंकको बिर्तामोड शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने बेहोरा समेत जानकारी गराइन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

बिर्तामोड शाखा
मुक्तिचोक, बिर्तामोड, झापा
फोन नम्बर:०२३-५३०९१०

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (५८४४६४२०५५/ ५८१७५५०२५५) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (५८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-५८०७५१०२२२/सञ्जय श्रेष्ठ ५८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

कोशी प्रदेशको सकस

सत्ता गठबन्धनले कोशी प्रदेशमा काग्रेस संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउने निर्णय गरेको छ । प्रदेशसभाको विशिष्ट अंकगणितका आधारमा थापाको बहुमत पुग्ने अवस्था भने छैन । सरकार गठनका लागि चाहिने संख्या अपुग भएकै कारण सहजै मुख्यमन्त्री बन्ने सम्भावना छैन । सरकार गठनका लागि चाहिने संख्या अपुग भएकै कारण सत्ता गठबन्धनलाई बहुमत सुनिश्चित गर्न सबैभन्दा भरपर्दो दल राष्ट्रिय प्रजातन्त्र पार्टी हो । तर, उसले संघदेखि प्रदेशसम्मको सत्ता साझेदारी एमालेसँग गर्दै आएको छ । यस हिसाबले राप्रपाका छ जना प्रदेश सांसदको विश्वासको मतसहितको समर्थनबिना कोशी प्रदेशमा नयाँ सरकार गठन हुने सम्भावना छैन ।

राजनीतिमा कोही स्थायी शत्रु र मित्र हुँदैन भनिन्छ । अझ सत्ता प्राप्तिको दौडमा त सबै गठबन्धन पवित्र हुन्छ भन्ने हाम्रै अभ्यासहरुले प्रमाणित गरिसकेका छन् । कोशी प्रदेशको संरचनामा ९३ जना सांसद छन् भने नेकपा एमाले एक्लैसँग ४० जना सदस्य छन् । बहुमतका लागि उसलाई अरु सात जना सांसदको विश्वास र समर्थन चाहिन्छ । त्यस्तै दोस्रो ठूलो दल नेपाली काग्रेसका २५ सांसद छन् । संघीय गठबन्धनका अन्य दलहरु माओवादीका १३, एकीकृत समाजवादीका चार र जसपाका एक जना सांसद छन् । यो गणितले संघीय गठबन्धनले बहुमतका आधारमा सरकार गठन गर्न सक्छ । तर, माओवादीका एक जना सांसद सभामुख भएका कारण उसँगको सिट संख्या ४६ मात्रै हुन आउँछ । यस्तो जटिल अवस्थामा प्रदेशसभामा छ सिट जितेको राप्रपा कोशी प्रदेशको निर्णायक मत र पार्टी देखिएको छ ।

सत्ता गठजोर निहित स्वार्थ पूरा गर्नकै लागि गरिन्छ, यो विगतले प्रमाणित गरिसकेकै छ । त्यसैले राप्रपाले कोशी प्रदेशको विशिष्ट अंकगणितलाई आफू अनुकूल बनाउने रणनीति बनाउनु नौलो र अनौठो होइन । किनकि प्रतिनिधिसभामा तेस्रो भएको दलको नेतृत्वमा संघीय सरकार बन्नु त्यही रणनीतिको परिणाम हो । अनि पनि सरकार गठन हुनै नसकेर मध्यावधिमा जाने पक्षमा राप्रपा नरहेको बरु स्थिरता, मुख्यमन्त्रीको पूर्णकाल तथा पार्टीको सिद्धान्त, आदर्श र एजेण्डाको कार्यान्वयन उसको प्राथमिकता रहेको पार्टी स्रोतले जनाएको छ । सरकार गठनको समयसीमा दुई दिनमात्र बाँकी रहँदा पनि सकारात्मक संकेत नदेखिएको अवस्थामा गठबन्धनका उम्मेदवारले नै सक्रियता बढाउन जरुरी छ । त्यसो भएमात्र कोशी प्रदेशको राजनीतिले दिशा पाउने छ र अनिश्चयको बादल फाटेर जानेछ ।

किन बजार अनुगमन गरिँदैन

नियमित बजार अनुगमन छैन । बजार अनुगमनको जिम्मेवारी बोकेको सरकारी निकाय 'चीर निद्रा'मा छ । अनुगमनको उद्देश्य उपभोक्ताको हितमा हुनुपर्छ भन्ने सर्वमान्य मान्यता हो । त्यसो भए किन गरिँदैन बजार अनुगमन ?

विष्णु गिरी 'निश्चल'

पछिल्लो समय नेपालमा बजार अनुगमन नहुँदा दैनिक उपभोग्य वस्तुको मूल्य ह्वात्तै बढेको छ । सरकारले आर्थिक वर्ष २०८०/०८१ को बजेट ल्याएको छ र त्यो संसदबाट पारित हुने तयारीमा छ । बजारमा खाद्यान्न र तरकारीको भाउ छोइ नसक्नुछ । विचौलियाको बिगबिगीले बजारमा स्वभाविकभन्दा पनि अस्वाभाविक रूपमा महँगी बढ्ने गरेको छ । गरीब निमुखाको घरमा चुल्हो बाल्न कठिन हुन थालेको छ । अस्वाभाविक मूल्यवृद्धिबारे सरकारी निकाय पनि जानकार छ । तर, के-कति कारणले मूल्यवृद्धि गरिएको हो भन्ने कुराको खोजी नीति कसैले गर्दैन । नियमित बजार अनुगमन छैन । बजार अनुगमनको जिम्मेवारी बोकेको सरकारी निकाय 'चीर निद्रा'मा छ । अनुगमनको उद्देश्य उपभोक्ताको हितमा हुनुपर्छ भन्ने सर्वमान्य मान्यता हो । त्यसो भए किन गरिँदैन बजार अनुगमन ? कसको इशारामा अनुगमन रोकिएको हो ? उपभोक्ताले स्वाभाविक रूपमा प्रश्न गर्न थालेका छन् ।

बजार अनुगमन नियमित भए मनपरी मूल्य निर्धारण हुने थिएन । उपभोक्ताले पनि गुणस्तरीय खाद्यवस्तु उपभोग गर्न पाउने थिए । तौलमा ठगिनुपर्ने थिएन । म्याद गुज्रेका खाने कुराबाट उपभोक्ता जोगिने थिए । तर, सरकारी निकायबाट बजार अनुगमन नियमित र प्रभावकारी नहुँदा उपभोक्ता असाध्यै मारमा परेका छन् । नियमित अनुगमन हुने हो भने बजार नियन्त्रित हुन्थ्यो र उपभोक्ता लाभान्वित हुन्थे । तर, व्यवसायीका अगाडि सरकारी निकाय लाचार छन् ।

बजारमा अराजकता छ । यसको मुख्य कारण नियमित अनुगमनको अभाव नै हो । झारा टार्नेखालका अनुगमनको कुनै अर्थ छैन । प्रभावकारी र उपलब्धिमूलक अनुगमन नभएसम्म बजारको अराजकता कम हुने देखिँदैन । बजारको बेथितिलाई रोक्न सरकारी निकायबाट कुनै पहल नहुनु दुःखद् कुरा हो । खुलेआम उपभोक्ता माथि ठगी गरेर व्यवसायीले राज्यको नीति-नियमलाई नै चुनौति दिएका छन् । यस्तो अवस्थाको अन्त्य गर्न सरकार र त्यस मातहतका सरोकारवाला निकायहरूले प्रभावकारी कदम चाल्नै पर्दछ ।

कालो बजार तथा सामाजिक अपराध तथा सजाय ऐन २०३२ अनुसार २० प्रतिशतभन्दा बढी नाफा लिन पाइँदैन । तर, व्यवसायीले ऐनलाई चुनौति दिएका छन् । ऐनलाई उल्लंघन गर्ने व्यवसायीलाई राज्यले केही गर्न नसक्नु राज्यको निरिहता सिवाय केही होइन । राज्य निरीह भएर बस्नु हुँदैन । उपभोक्ताको पक्षमा सरकार उभिनु पर्दछ । त्यसका लागि बजार अनुगमन नियमित र प्रभावकारी बनाइनुपर्दछ । व्यवसायीले गलत गरेको पाइएमा कारवाहीको दायरामा ल्याउनै पर्दछ । बजारमा महँगी बढे पनि सरकारले भने मूल्यवृद्धि नियन्त्रणका लागि सरकारले चासो दिएको छैन ।

बजारमा महँगी, कालाबजारी नियन्त्रण गर्ने उद्देश्यले गरिने बजार अनुगमन कार्य अझै हुन सकेको छैन । व्यापारीले म्याद नाघेका खाद्यवस्तु बिक्रीवितरण गर्नुका साथै कालाबजारी बढेको उपभोक्ताले गुनासा गरे पनि सरकारले बजार अनुगमनप्रति चासो देखाएको छैन । अनुगमन नहुँदा एकातिर सर्वसाधारण मारमा परेका छन् भने अर्कातिर चर्को मूल्यमा उपभोग्यवस्तु किन्नुपर्ने बाध्यता छ । बजार अनुगमन नियमितरुपमा भए महँगी र कालाबजारी नियन्त्रण गर्न सहज हुन्छ । चाडपर्वको समयमा दैनिक उपभोग्य वस्तु बढी बिक्री हुन्छ । उपभोक्ता पनि सचेत हुनुपर्छ । एक-दुई दिन गरिने अनुगमनले खासै असर गर्दैन ।

केन्द्रीय अनुगमन समितिको ले महँगी तथा कालाबजारी नियन्त्रणको लागि सम्बन्धित मन्त्रालय तथा निकायहरुलाई प्रभावकारी व्यवस्था मिलाउन निर्देशन दिएको छ । बजारमा अति आवश्यक उपभोग्य वस्तुहरूको आवश्यक मौज्दातको व्यवस्था मिलाउने तथा गुणस्तरयुक्त उपभोग्य वस्तुको सहज र सर्वसुलभ आपूर्तिको व्यवस्था मिलाउने लगायत निर्णय गरेको कुरा बाहिर आएको छ । सडकका खाल्डाखुल्डीहरूको तत्काल मर्मत सुधार गर्ने र सार्वजनिक यातायातलाई भरपर्दो यात्रुमैत्री र सुरक्षित बनाउने, फोहोर मैलाको तत्काल व्यवस्थापन गर्ने, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउन ध्यान दिने आवश्यक छ । कालोबजारीलाई नियन्त्रण गर्न बजार अनुगमन गरेको छ । महँगोमा दैनिक उपभोग्य वस्तुहरु बिक्री-वितरण भइरहेको छ ।

कानूनले के भन्छ ?

कालोबजार तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐनले गरेको व्यवस्था अनुसार कसैले देहायको कुनै काम गरे गराएमा कालोबजार गरेको ठहरी निजलाई देहायमा लेखिए बमोजिम सजाय हुनेछ : (नेपाल सरकारले मोल निर्धारित गरिदिएकोमा सो मोलमा र नेपाल सरकारले मोल निर्धारित नगरेकोमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकिदिएको माल वस्तुको उत्पादक, आयातक वा मुख्य वितरकले निर्धारित गरेको मोलभन्दा बढी मोल लिई कसैले कुनै माल वस्तु बिक्री गरेमा सो माल वस्तुको लिएको मोल फिर्ता गराई सो मालवस्तु जफत गरी निजलाई एक वर्षसम्म कैद हुनेछ र दश लाख रुपैयाँसम्म जरिवाना समेत हुन सक्नेछ । (ख) निर्धारित मोलमा खुला बजारमा सजिलैसँग चाहिँदो मात्रामा उपलब्धन हुने खण्ड (क) बमोजिमको कुनै मालवस्तु कसैले निजी उपभोगका लागि भनी आदेश वा कुपन गराई वा नगराई लिएकोमा त्यस्तो मालवस्तु वा आदेश कुपन नै बढी मोल कमिशन लिई वा नलिई बिक्रीगरेमा वा अरू तवरले दिएमा त्यस्तो माल वस्तु वा आदेश कुपन बापत लिएको मोल कमिशन फिर्ता गराई सो मालवस्तु जफत र आदेश कुपन बदर गरी निजलाई एक वर्षसम्म कैद वा दुई लाख ५० हजार रुपैयाँसम्म जरिवाना वा दुबै हुन सक्नेछ । तर, (१) मालवस्तु लिइसकेपछि आवश्यक नरहेमा आवश्यक नहुना साथ जसको आदेश कुपनले सो माल वस्तु लिएको हो निजको लिखित स्वीकृतिले निजले तोकिदिएको व्यक्तिलाई आफूले लिएको मोलमा नबढाई दिनुपर्छ ।

मालवस्तु लिई नसकेको भए आदेश कुपन तत्काल फिर्ता गर्नुपर्छ । (२) बढी मोल लिएको नभई त्यस्तो मालवस्तुबाट आफन्त वा छिमेकी कसैको निजी उपभोगका लागि खाचो टार्न अल्पमात्रामा दिएकोमा यस खण्ड बमोजिम अपराध गरेको मानिने छैन । (ग) कुनै मनोरञ्जन वा यातायात सेवाको लागि लाग्ने शुल्क वा भाडावापतको टिकटलाई सो टिकटको मोलभन्दा बढी मोल लिई कसैले बिक्री गरेमा बढी लिएको मोल रकम जफत गरी एक वर्षसम्म कैद वा जरिवाना वा दुवै हुन सक्नेछ । (घ) नेपाल सरकारले यो दफा अन्तर्गत मोल निर्धारण गर्ने उद्देश्यको लागि आवश्यकता अनुसार मूल्य निर्धारण सल्लाहकार समितिहरू गठन गर्नेछ ।

मोल निर्धारित भएकोमा बाहेक नेपाल सरकारलेतोकेको कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतयाः सय कडा २० भन्दा बढी मुनाफा लिएको अवस्थामा वा अभावको लाभ उठाई सो मालवस्तुको अनुचित नाफा लिई बिक्री गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख ५० हजार रुपैयाँसम्म जरिवाना वा दुबै हुन सक्नेछ । प्रत्येक थोक वा खुद्रा बिक्रेताले नेपाल सरकारले तोकिदिएको माल वस्तुको मूल्यसूची सबैले देखिने गरी बिक्री स्थलमा टाग्नु पर्दछ सो नगर्नेलाई एक वर्षसम्म कैद वा जरिवाना वा दुबै हुन सक्नेछ ।

नेपाल सरकारले कुनै प्रदेश वा जिल्लामा वितरणका लागि तोकिदिएको कोटाको वा कुनै प्रदेश वा जिल्लामा बिक्री-वितरणको लागि आयात गरिएको वा एजेन्ट, डिलर वा रिटेलरको रूपमा उपलब्ध भएको मालवस्तु अन्यत्र लगेमा वा अन्यत्र बिक्री गरेमा वा एजेन्सी वा डिलरसीपको शर्तबिरुद्ध वा उपभोक्ताहरूमा समुचित वितरण नहुने गरी कसैले बिक्री गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख ५० हजार रुपैयाँसम्म जरिवाना वा दुबै हुन सक्नेछ ।

मालवस्तु लिई नसकेको भए आदेश कुपन तत्काल फिर्ता गर्नुपर्छ । (२) बढी मोल लिएको नभई त्यस्तो मालवस्तुबाट आफन्त वा छिमेकी कसैको निजी उपभोगका लागि खाचो टार्न अल्पमात्रामा दिएकोमा यस खण्ड बमोजिम अपराध गरेको मानिने छैन । (ग) कुनै मनोरञ्जन वा यातायात सेवाको लागि लाग्ने शुल्क वा भाडावापतको टिकटलाई सो टिकटको मोलभन्दा बढी मोल लिई कसैले बिक्री गरेमा बढी लिएको मोल रकम जफत गरी एक वर्षसम्म कैद वा जरिवाना वा दुवै हुन सक्नेछ । (घ) नेपाल सरकारले यो दफा अन्तर्गत मोल निर्धारण गर्ने उद्देश्यको लागि आवश्यकता अनुसार मूल्य निर्धारण सल्लाहकार समितिहरू गठन गर्नेछ ।

मोल निर्धारित भएकोमा बाहेक नेपाल सरकारलेतोकेको कुनै मालवस्तुको व्यापार गर्ने व्यक्तिले माल वस्तु र व्यापारको प्रचलन अनुसार सामान्यतयाः जरिवाना वा दुबै हुन सक्नेछ ।

बजारमा कुनै मालको कृत्रिम अभाव हुने गरी सो मालको मूल्य वृद्धि गराएर अनुचित नाफा लिई बजारमा बिक्री गर्ने नियतले त्यस्तो मालवस्तु संग्रह गरी बिक्री नगरी जम्माखोरी गरेमा निजलाई एक वर्षसम्म कैद वा दुई लाख ५० हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ । तर, नेपाल सरकारले अति आवश्यकको भनी राजपत्रमा तोकिदिएको मालवस्तुका सम्बन्धमा सोही अपराध उत्पादक, आयातक वा मुख्य वितरक वा निजहरूको कुनै डिलर वा एजेन्टले गरेमा निजलाई एक वर्षसम्म कैद वा दश लाख रुपैयाँसम्म जरिवाना वा दुबै सजाय हुनेछ । कमसल माललाई असल माल हो भनी वा एक मालवस्तुलाई अर्को मालवस्तु हो भन्ने भान पारी वा कुनै मालवस्तुमा सो मालवस्तुको स्तर घट्ने गरी मिसावट गरी सो कुरा नबताई कसैले बिक्री-वितरण गरेमा निजलाई नौ महिनासम्म कैद वा दुई लाख रुपैयाँसम्म जरिवाना वा दुबै हुन सक्नेछ ।

शहरी क्षेत्रका ३८% महिलामा मोटोपनको समस्या

नेपालका शहरी क्षेत्रका ३८ प्रतिशत महिलामा मोटोपनको समस्या रहेको पाइएको छ । नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण सन् २०२२ का अनुसार २० देखि ४९ वर्ष उमेर समूहका महिलाहरूमा अधिक तौल वा मोटोपन अत्यधिक देखिएको हो । ग्रामीण क्षेत्रका महिलामा पनि २६ प्रतिशत मोटोपनको समस्या पाइएको हो ।

जसको मुख्य कारणमा गुलियो पेय पदार्थ सेवन, बोसोयुक्त खानेकुरा जस्तैः केक, बिस्कुट, कुकीज, जेरी/जलेबी, मिठाई, टफी, आइसक्रिम लगायत रहेका छन् । त्यस्तै तारेको र नुनिलो खानेकुराहरुमा जस्तैः चिप्स, कुरेकुरे, चीजबल, तयारी चाउचाउ, समोसा, पकौडा, पुरी र तारेको खाजा खाएको पाइएको छ ।

सर्वेक्षणले मोटोपना घरेलु सम्पन्नताको वृद्धिसँगै बढ्दै गएको छ, गरीब घरपरिवारका २० प्रतिशत महिलाहरूमा र धनी घरपरिवारका ५३ प्रतिशत महिलाहरूमा मोटोपन देखिएको छ । त्यस्तै २० देखि ४९ उमेर समूहका पुरुषहरुमा ३२ प्रतिशतमा मोटोपनाको समस्या र ७ प्रतिशतमा दुब्लोपनाको समस्या भएको पाइएको छ ।

१५ देखि १९ वर्ष उमेर समूहका २६ प्रतिशतमा दुब्लोपना र ६ प्रतिशतमा मोटोपनको समस्या भएको पाइएको छ । त्यस्तै २० देखि ४९ वर्ष उमेर समूहका ३५ प्रतिशत महिलामा मोटोपनको समस्या भएको पाइएको छ भने १० प्रतिशतमा दुब्लोपनाको समस्या भएको पाइएको छ ।

मोटोपनका कारण पछिल्लो समय दीर्घरोगको समस्या बढ्दै गएको चिकित्सकहरुले बताएका छन् । शारीरिक रुपमा गरिने व्यायामहरु नगरिँदा मोटोपनको समस्या वर्षेनि बढ्दै गएको चिकित्सकको भनाइ छ ।

पत्रकार र सञ्चार गृह सम्मानित

पथरीशनिश्चरे, असार १५ । मोरङको पथरीशनिश्चरे नगरपालिकाले अग्रज पत्रकार सम्मान, सञ्चारमाध्यम तथा लेखनवृत्ति पुरस्कार प्रदान गरेको छ ।

पथरीशनिश्चरेका नगर प्रमुख मोहनप्रसाद तुम्वापोले एक कार्यक्रमका बीच लामो समयदेखि नगरभित्र निरन्तर पत्रकारिता गर्दै आएका सेवारो अनलाइन संस्करणका सञ्चालक तथा प्रकाशक फिपराज बेघालाई सम्मान गरेका हुन् ।

कार्यक्रममा पथरीशनिश्चरेमा निरन्तररुपमा सञ्चारमाध्यमको भूमिका निर्वाह गर्दै आएको प्रदेश दैनिक नामक अनलाइन संस्करणलाई सञ्चारमाध्यम सम्मानबाट सम्मानित गरिएको जनाइएको छ । उक्त अनलाइनका सञ्चालक भीमराज अधिकारीलाई सम्मान गरिएको थियो । उनीहरू दुवैलाई जनही २५ हजार रुपैयाँ प्रदान गरिएको थियो ।

त्यस्तै, नगरभित्रका विभिन्न सञ्चारमाध्यमहरूमा क्रियाशील रहेका पत्रकारहरु छविराज ढकाल, केशवप्रसाद निरौला, भूमिप्रसाद पाठक, प्रेम केडी भट्टराई र इश्वर दुलाललाई नगरमा सशक्त पत्रकारिता गरेवापत लेखनवृत्ति शीर्षकमा पुरस्कृत गरिएको थियो । उनीहरूलाई जनही पाँच हजार रुपैयाँका दरले रकम प्रदान गरिएको थियो ।

उक्त अवसरमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मीप्रसाद खरेलको अध्यक्षतामा सम्पन्न भएको सम्मान तथा पुरस्कार वितरण कार्यक्रममा पत्रकार महासंघ मोरङ उपाध्यक्ष मोहन भट्टराई, पथरीशनिश्चरे नगरका प्रवक्ता नवीनजंग कार्की, सूचना संयोजक सन्तोष राई, कार्यपालिका सदस्य मीनाकुमारी तामाङ, लेखा शाखाका प्रमुख पिताम्बर वस्ती लगायतका उपस्थिति रहेको थियो ।

कोसेली बनाउन सिकाउँदै गाउँपालिका

युद्धबहादुर बोहोरा

पाँचथर, असार १५। आफन्तमा कतै जानु परे वा कहीँ घुमेर आफ्नो घरमा आउँदा प्राय: खाली हात नहिँड्ने नेपालीको चलन छ ।

आफ्नो घरमा भएको परिकारभन्दा पनि बजारमा पाइने तयारी सामग्री कोशेली बोक्दा पैसा गाउँ बाहिर जाने मात्रै नभई स्थानीय सामग्री पनि ओझेलमा पर्न थालेका छन् । किसानले आफैँ उत्पादन गरेका खाद्य सामग्रीलाई व्यवस्थित ढंगबाट उपयोग गर्न नसक्दा र गाउँमा अर्ग्यानिक परिकार बनाउने सिपको अभावमा सस्तो भाउमा बेचेर गाउँका मानिसले खर्चिलो मूल्यमा सामान किन्नुपर्ने बाध्यता छ ।

कतिपय ठाउँमा गाउँका अर्ग्यानिक खाद्य सामग्रीको महत्व बुझ्नेहरु धेरै छन् । तर, विभिन्न परिकार र आकर्षक सामग्री बनाउन नजान्दा उचित मूल्य नपाएर गाउँका खाद्य सामग्री लिलामी भइरहेका उदाहरण छन् । यसै क्रममा दूधबाट विभिन्न दूधजन्य परिकार उत्पादन गरी बिक्रीवितरण गर्ने वातावरण सृजना गर्ने उद्देश्यले फाल्गुनन्द गाउँपालिकाका अगुवा कृषक तथा डेरी व्यवसाय सञ्चालन गर्दै आएका १४ जनालाई तालिम दिइएको छ ।

उनीहरुलाई ललिपप, खुवा, रसवरी, पेडा, पनिर र पुष्टकारी बनाउने सिप सिकाएको छ । पशुपालक किसानले गाउँमै राम्रो आम्दानी लिन सकुन् भन्ने हेतुले सातै वटा वडाबाट दुई-दुई जना छनोट गरिएका मध्ये छ महिला र आठ पुरूषलाई तीन दिनसम्म गराइएको प्रशिक्षण समापन भएको हो । २० वर्षदेखि ५५ वर्षसम्मका स्थानीय साथै वैदेशिक रोजगारबाट नेपाल फर्किएका समेतले तालिम लिएका छन् ।

पाँचथरमा १६ वर्षदेखि त्रिशक्ति डेरी तथा ललिपप उद्योग सञ्चालन गर्दै आएका रिन्जी शेर्पाले प्रशिक्षण दिएको जनाइएको छ । सुकेपोखरी कृषि फर्म कम्पनी प्रालिको आयोजना तथा फाल्गुनन्द गाउँपालिकाको आर्थिक सहयोगमा तालिम सञ्चालन गरिएको संस्था सञ्चालक धनबहादुर तामाङ(अनिश)ले जानकारी दिए । समापनमा प्रमुख अतिथि गाउँपालिका अध्यक्ष बृजहाङ आङ्देदम्बेले तालिममा सहभागीलाई आगामी दिनमा व्यावसायिक बनेर पेशा शुरू गर्न सुझाव दिए । स्थानीय उत्पादन गाउँमै खपत तथा उचित भाउमा बाहिरी बजारमा बेचेर आयआर्जन गर्न सकिने अपेक्षा राखिएको उनले बताए ।

उत्पादन भएको परिकार स्थानीय बजार रवि, राँके, घुर्विसे पञ्चमी, पौवा भञ्ज्याङ लगायतमा कोशेलीका रुपमा बिक्री हुने र आर्थिक रुपमा सबल बन्न सहयोग पुग्ने उपाध्यक्ष ठाकुरसिं. नेम्वाङको भनाइ छ । सहभागीले तयार गरेका परिकार अतिथि तथा उपस्थितलाई वितरण गरिएको साथै सहभागीलाई अतिथिले प्रमाणपत्र प्रदान गरेका थिए । हाल पालिकामा ४० वडा डेरी सञ्चालनमा रहेको र यहाँका किसानले दैनिक चार हजार लिटरभन्दा बढी दूध उत्पादन गर्ने गरेको फाल्गुनन्द गाउँपालिका पशुपंक्षी सेवा शाखा प्रमुख गोपाल घिमिरेले जानकारी दिए ।

पालिकाको ३ नम्बर वडामा २०७५ सालमा स्थापना भएको यस संस्थाले नेपाल सरकारले अनुदानमा उपलब्ध गराएको रासायनिक मल वितरण गर्दै आएको छ । स्थानीय लोकल जातका आलुका बीऊ इलाम र पाँचथरका स्थानीयतहले किसानलाई वितरण गर्न खरिद गर्ने गरेको समेत संस्थाका सदस्य सागर नेम्वाङले बताए । समापनमा तुम्वेवा गाउँपालिका भेटेरिनरी शाखाका डाक्टर लक्ष्मी पौडेल लगायतको उपस्थिति रहेको थियो ।

८५ जनालाई नि:शुल्क ब्युटिसियन तालिम

बिर्तामोड, असार १५। महिला मुक्ति अभियान झापा र युनिक मोडर्न ब्युटी पार्लरको संयुक्त आयोजनामा ८५ जनाले नि:शुल्क ब्युटी पार्लर तालिम लिएका छन् ।

पहिलो चरणमा बेसीक कोर्ष अन्तर्गतको तीन महिने सिकाइ भएको युनिक मोडर्न ब्युटी पार्लरकी सञ्चालक धनु कन्दङ्वाले बताइन् । तीन महिनाको सिकाइ अवधिमा प्रशिक्षार्थीहरुलाई प्रयोगात्मक साथै सैद्धान्तिक ज्ञानसहित लिखित परीक्षा समेत लिइएको महिला मुक्ति अभियान झापाकी अध्यक्ष राधा सुब्बाले जानकारी दिइन् ।

गत वैशाखबाट शुरु भएको उक्त तालिम एक औपचारिक कार्यक्रमका बीच समापन भएको हो । समापन तथा प्रमाणपत्र वितरण कार्यक्रमका प्रमुख अतिथि बिर्तामोड नगरपालिका प्रमुख पवित्रा महतारा प्रसाईले सिकेका कुरालाई व्यवहार उतार्न सहभागीहरुलाई आग्रह गरिन् । महिला सशक्तीकरणको पहिलो शर्त आर्थिक उपार्जन रहेको बताउँदै प्रसाईले सहभागीहरुलाई व्यवसाय गर्न प्रोत्साहित गरिन् ।

त्यसैगरी बिर्तामोड नगरपालिका-५ का वडाध्यक्ष रोहित प्रसाईले बेसीक कोर्षपछिको एडभान्स ब्युटी पार्लर कोर्ष सञ्चालनका लागि वडाले र नगरले सहयोग गर्ने बताउँदै सबै सहभागीहरुलाई सीपमा आत्मनिर्भर हुँदै, सिकेको सीप स्वदेश मै खर्चिन आग्रह गरे । विदेश नै गए पनि यस्ता सीप सिकेर जाँदा केही सहज हुने उनले बताए ।

महिलाहरुलाई सीप सिकाइ आत्मनिर्भर बनाउने उद्देश्यका साथ महिला मुक्ति अभियान झापा र युनिक मोडर्न ब्युटी पार्लरको यो प्रयासको सबैले प्रशंसा गरे । त्यसैगरी तालिमका प्रशिक्षार्थीहरु दुर्गा चोम्वाङ, दीपा चौधरी र जुनीमा सुब्वाले तालिम अत्यन्तै प्रभावकारी र सीपमूलक भएको प्रतिक्रिया दिएका थिए ।

ब्राउनसुगरसहित पक्राउ

बिर्तामोड, असार १५। प्रतिबन्धित लागूऔषध बिक्रीवितरण गरिरहेको आरोपमा झापामा दुईजना युवती पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा शिवसताक्षी नगरपालिका वडा नं. ९ झरना टोलकी २४ वर्षीया झरना विक कमल गाउँपालिका वडा नं. ३ की २४ वर्षीया सन्ध्या राई रहेको जिल्ला प्रहरी कार्यालय झापाका प्रहरी प्रवक्ता खगेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

झरनाले आफ्नै घरमा प्रतिबन्धित लागूऔषध बिक्रीवितरण गरिरहेको भन्ने गोप्य सूचनाको आधारमा इलाका प्रहरी कार्यालय झिलझिलेबाट खटिएको प्रहरी टोलीले उनको घरभित्र लुकाई-छिपाई राखेको प्रतिबन्धित लागूऔषध ब्राउनसुगर तीन ग्राम पाँच सय मिलिग्राम फेला परेकोले थियो ।

घटनाको विषयमा इलाका प्रहरी कार्यालय झिलझिलेमा राखी थप अनुसन्धान कार्य भइरहेको जिल्ला प्रहरी कार्यालय झापाले जनाएको छ ।

विशेष उपचार अब बिर्ता आयुर्वेदमा

ढाड, कम्मर, गर्दन, प्यारालाइसिस, पायल्स, फिस्टुला, ग्यास्ट्रिक, पिनास, कोलेस्ट्रोल, पत्थरी, जन्डिस लगायत सम्पूर्ण रोगको उपचार ।

सम्पर्क
बिर्ता आर्युवेद एण्ड फिजियोथेरापी सेन्टर
बिर्तामोड, राजगढ स्टेण्ड दक्षिण
फोन: ०२३-५३२३६६, ५९०१६६
मोबाइल : ९८०६०००३१३

बिमालेख हरायो

भद्रपुरबाट बिर्तामोड आउने क्रममा यही मिति २०८०/०२/०४ गते मेरो निम्न व्यहोराको गुराँस लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पोलेसी हराएको हुँदा भेट्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।

नाम:- योगराज शाह
ठेगाना:- भद्रपुर-६, झापा
पोलेसी नं.:- ०२३०००९१८१
कम्पनी नाम: गुराँस लाइफ इन्स्योरेन्स क. लिमिटेड

चिनियाँ रेल परियोजनाले टाट पल्टिने अवस्थामा

झापा, असार १५। बर्बादीको अर्को परिचय बनेको छ चिनियाँ ऋण । श्रीलंका, पाकिस्तानपछि चिनियाँ ऋणले बर्बाद हुने देशको सूचीमा परेको छ इन्डोनेसिया ।

यसका केही उदाहरणहरु यस्ता छन् । इन्डोनेसियाका राष्ट्रपति जोको विडोडोको जी-२० शिखर सम्मेलनमा प्रमुख विश्व नेताहरूको उपस्थितिमा नोभेम्बर २०२२ मा देशको पहिलो उच्च-स्पीड रेलवेलाई फ्ल्याग अफ गर्ने महत्वकांक्षी योजना कागजमै रह्यो । चीनको लगानीमा सञ्चालित आयोजनाले समयसीमा पूरा गर्न नसक्नुको कारण थियो । यसमा ढिलाइ भएको छ ।

अब त्यहाँ रेल परियोजना २०२३ मा शुरु गर्न सक्षम हुनेछ कि अनिश्चितता छ । ढिलाइ, लागत वृद्धि र कथित असक्षमताले इन्डोनेसियामा ठूलो आर्थिक भार ल्याइरहेको छ । जसले देशलाई

श्रीलंका जस्तै ऋणको जालमा धकेल्न सक्छ । राजधानी जकार्तादेखि बान्डुङसम्मको एक सय ४२ किलोमिटर लामो रेलमार्ग धेरै चर्चामा रहेको बीआरआईको एक हिस्सा हो । चीनले बीआरआईलाई एक मेगाप्रोजेक्टको रूपमा चित्रण गरेको छ जसले पूर्वाधार निर्माणलाई बढावा दिने र प्रमुख विश्वव्यापी केन्द्रहरूलाई जोड्ने छ ।

तर, इन्डोनेसिया लगायत विश्वका विभिन्न भागमा रहेका धेरै बीआरआई परियोजनाहरूले चुनौति सामना गरिरहेका छन् । सहभागी देशहरू आर्थिक समस्याको सामना गरिरहेका छन् । काम नलाग्ने बीआरआई आयोजनाले राजश्वमा नोक्सानी पुऱ्याएको छ भने ढिलाइका कारण अप्रत्याशित लागतले आर्थिक समस्या थपेको छ । इन्डोनेसियाको रेल परियोजना २०१९ मा तयार हुने भनिएको थियो ।

गतिविधिहरू जस्तै अयोग्य ठेकेदारहरू नियुक्ति, ब्लास्टिङ प्रक्रियाको क्रममा घरहरूमा क्षति, घातक दुर्घटना लगायतका कारण महत्वपूर्ण बीआरआई परियोजनाको कार्यान्वयन प्रभावित भएको थियो, लागत ओभररनले रेल लाइन निर्माण कार्यको क्रममा धेरै घरहरू क्षतिग्रस्त वा भत्किएका थिए ।

पश्चिम जाभा प्रान्तका येनी युलियातीले भनिन्- 'मेरो घर भत्कियो र लगभग मेरा छोराछोरी माथि खस्यो । हाम्रो जग्गा सुरुङको धेरै नजिक अवस्थित भएकाले म नयाँ घरसँग असुरक्षित महशुस गर्छु ।'

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै भ्याकुम सिष्टमको ठूलो ट्यांकीमा सफाई गरिने छ ।

विशाल हरिजन
९८२४९९०४६२,९७४५२६०८२५
९८१४९९३७१२, ९८४२६७७८५५

नोट: आधुनिक प्रविधिबाट सञ्चालित झापाकै सबैभन्दा ठूलो सेफ्टी ट्यांकी अनुभवी व्यक्तिबाट ट्वाइलेट ब्लक भएमा सर्भिसको व्यवस्था छ ।

इ-साइकल र स्कुटी
ब्याट्रीबाट चल्ने स्कुटी र साइकल

विशेष छुटमा Rs. 65,000/-
विशेष छुटमा Rs. 1,50,000/-
जिटेक तराजु & ई-साइकल पसल
पुरानो भद्रपुर रोड, बिर्तामोड
9817949745, 9802742456

घरजग्गा बिक्रीमा

झापाको अर्जुनधारा-४ भाडबारी चिउरा मिल नजिक लक्षपुरबाट साधुटार जोड्ने पिच बाटोबाट २०० मिटरभित्र रहेको १ कठ्ठा जग्गामा बनेको टिनको छाना भएको घर तु-बिक्रीमा छ ।

सम्पर्क : ९८०६०७९३३३

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।

झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५, ९८०६०१०४१०
९८४२६३४६२, ०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५,
९८४२७६०२६५,
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

हाड जोर्नी नसाका बिरामीलाई सुवर्ण अवसर काठमाडौंका विशेषज्ञ बिर्तामोडमा

स्पार्क अस्पताल काठमाडौंका बरिष्ठ **डाक्टर अनिलकुमार महतो** यही **असार २३ गते शनिबार** स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोडमा आउँदै हुनुहुन्छ । आफ्नो समस्या जाँच गराई मौकाको फाइदा लिनुहोस् ।

जाँच हुने समस्याहरु :
- ढाड, कम्मर, गर्दन । घुँडा, जोर्नीहरु दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको
- शरीर झम्झमाउने, लाटो हुने, कुम जाम भएको
- प्यारालाइसिस, मुख बाङ्गिएको

समय : बिहान ८:०० देखि ३:००

स्पार्क पूर्वाञ्चल अस्पताल,
कनकाई रोड, नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८५२६७५०३३

यद्यपि, कमजोर योजना र प्रत्यारोपण

ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो.९८०३२५०४७२, ९८०१३६४०९३

माई नगरपालिका इलामको जनहितमा जारी सन्देश

- व्यक्तिगत घटना दर्ता अन्तर्गत जन्मदर्ता, विवाह दर्ता, मृत्युदर्ता, बसाईँसराई र सम्बन्धविच्छेद दर्ता समयमै गरौं । सभ्य नागरिक बनौं ।
- नगरपालिकामा बुझाउनुपर्ने कर समयमै तिरौं ।
- नगरपालिकाको विकासमा सबैले हालेमालो गरौं ।
- मिसावट गरिएका, सडेगलेका तथा अस्वस्थ्यकर खानेकुरा नखाऔं ।
- उपभोक्ता हित संरक्षणमा चनाखो बनौं । खाद्यान्न तरकारीमा बिषादि घटाऔं
- अर्ग्यानिक उत्पादनमा जोड दिऔं ।
- सडक तथा पेटीमा आवागमन अवरोध हुने गरी निर्माण सामग्री नराखौं ।
  व्यापार व्यवसाय नगरौं ।
- बालबालिकालाई काममा होइन विद्यालय पठाऔं ।
- सार्वजनिकस्थलमा फोहरमैला नफालौं ।
- मानब बस्ती तथा टोलमा छरछिमेकलाई असर नपर्ने गरी व्यवसायिक रुपमा पशुपंक्षी पालौं ।

हिमा भण्डारी उपप्रमुख
महेन्द्र विश्वकर्मा प्रमुख प्रशासकीय अधिकृत
खम्बा सिं लिम्बू प्रमुख

ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क ९८५११५४६९९

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -
व्यापार-व्यवसायमा लाभ प्राप्त हुनेछ, सानै सफलताले पनि ठूलो खुशी प्राप्त हुनेछ, रचनात्मक तथा कलाकारितामा मन जानेछ ।

बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -
स्वास्थ्य प्रतिकुल बनेर गयो, अनावश्यक झमेलामा फसिने योग रहेको छ, यो अवधिभर कसैसँग वादविवाद नगर्नुहोला ।

मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -
आज स्वास्थ्य सम्बन्धी समस्याले सताउन सक्छ, पशुचौपाया सम्बन्धी व्यवसायबाट यथेष्ठ लाभ नमिल्नाले मन चिन्तित रहला ।

कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -
आजको दिन मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ ।

सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -
समय बलवान रहेको छ, यो अवधिमा नयाँ कामको थालनी गर्नुभएमा तपाईको लागि लाभदायक हुनेछ, प्रेम सम्बन्ध सुमधुर रहला ।

कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -
स्वास्थ्यले साथ दिने छैन, शरीरमा आलश्यता पैदा हुनेछ, अनावश्यक चिन्तनले शरीर गलेर जाने हुनाले मन खिन्न रहने छ ।

तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -
मन प्रशन्न रहला, धन, स्वास्थ्य लाभको साथै सुख प्राप्त होला, शत्रुमाथि विजय प्राप्त हुनेछ शुभ खबर सुन्न पाइनेछ ।

बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -
आजको दिन फलदायी छ, चिट्ठा, उपहार प्राप्तिको योग छ, छोटो दुरीको रोमान्टीक यात्रा हुनेछ, मन प्रशन्न रहनेछ ।

धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -
लामो दुरीको यात्रा हुनेछ, भाग्यले साथ दिनेछ, कार्यसिद्धीको योग परेको छ, टाढिएका मित्रजनसँग भेटघाट हुने समय रहेको छ ।

मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -
क्रोधलाई नियन्त्रणमा राख्नुहोला, बोलिको प्रभावले बन्ने लागेको काम पनि बिग्रन सक्छ, इष्टमित्रले साथ दिनेछन् ।

कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -
समय सामान्य रहनेछ, धार्मिक अभिरूची बढेर जानेछ, पैतृक सम्पत्तिमा वादविवादको योग रहेको छ, धैर्य रहनुहोला ।

मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -
व्यापार-व्यवसायमा मनग्गे लाभ हुने योग रहेको छ, अन्यत्रबाट पनि धन लाभ हुनेछ, मिष्ठान्न भोजन प्राप्त हुन सक्नाले मन प्रशन्न रहला ।